# माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाहाचोक, कास्की

**सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८।०४।२७

यस गाउँपालिकामा देहाय बमोजिमको पदमा करार पदपूर्ती गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं | सेवा | पद/ तह | संख्या | कार्य गर्नु पर्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७८-७९ | कृषि | कृषि अधिकृत (छैठौं) | १ (एक) | कृषि शाखा | |
| २. | ०२/०७८-७९ | गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम | उद्यम विकास सहजकर्ता (चौथो) | २ (दुई) | गाउँपालिका | |
| ३. | ०३/०७८-७९ | सुरक्षित आप्रवासन परियोजना | रिटर्नी स्वयं सेवक | २ (दुई) | गाउँपालिकाले तोकेको वडामा | महिलालाई प्राथमिकता तथा स्थानीय हुनुपर्ने । |
| ४. | ०४/०७८-७९ | प्रशासन | कार्यालय सहयोगी (श्रेणी विहिन) | १ (एक) | रिभान स्वास्थ्य चौकी | स्थानीयलाई प्राथमिकता दिइनेछ । |

१. **दरखास्त दिने स्थानः** माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोक,कास्की ।

२. **दरखास्त दिने अन्तिम मितिः** २०७८।०५।०९ गते सम्म, साथै उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय सम्म।

३. **आवश्यक न्यूनतम योग्यताः**

क) **कृषि अधिकृत (छैठौं तह)**ः मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि विज्ञान विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरी नेपालको प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

ख) **उद्यम विकास सहजकर्ता (चौथो तह)**ः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवासयिक तालिम परिषद् (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको वा १२ कक्षा वा सो सरह पास गरी कम्तिमा २ वर्ष उद्यम विकास, सीप विकास, सामाजिक परिचालन लघु उद्यम जस्ता क्षेत्रमा काम गरेको अनुभव भएको ।

ग) **रिटर्नी स्वयं सेवकः** ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको, वैदेशिक रोजगारको लागि खाडी मुलुक वा मलेसियामा गई कम्तिमा एक बर्ष वा सो भन्दा माथि काम गरेको ।

घ) **कार्यालय सहयोगी (श्रेणी विहिन)**ः साधारण लेखपढ

४. **दरखास्तको ढाँचाः** गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

५. **तलब सुविधाः** गाउँपालिकाको नियामानुसार

६. **परीक्षाको किसिमः फाइल अध्ययन तथा अन्तर्वार्ता**

७. **उमेरः** कृषि अधिकृतको हकमा आवेदन दिने अन्तिम दिनसम्म २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिला उम्मेदावारको हकमा ४० वर्ष ननाघेको तथा अन्यको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

८. **दरखास्त दस्तुरः** अधिकृतको लागि रू १०००।— र अन्यको लागि रू ७००।-

९. **सम्पर्क मितिः** आवेदन फारम भर्ने म्याद समाप्त भएको भोलिपल्ट साथै उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय सम्म ।

१०. **संलग्न गर्नुपर्ने कागजातहरू**

क) निवेदन

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

घ) कार्य अनुभव खुलेका कागजातहरू

११. सूचनामा उल्लेख भएका विषयहरू बाहेक अन्य विषयहरूको हकमा पदपूर्ती / छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहित रहनेछ ।

**सम्पर्कः ९८५६०१७३१०, ९८५६०१७३१४**

**प्रमुख प्रशासकीय अधिकृत**